स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी मंसिर १२ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'हष'को दोस्रो गीत 'कुटु कुटु कस्तो माया सार्वजनिक गरिएको छ। प्रेमका भावना व्यक्त यस गीतमा सनिश श्रेष्ठ र अप्सरा घिमिरेको स्वर रहेको छ भने एलिस कार्कीको कम्पोज, नीरकमल खड्का (मामल)को शब्द रचना तथा शैलेन्द्र एम प्रधानको एरेञ्ज, मिक्सिङ र मास्टरिङ छ।

**आजको विचार...**



राजनीतिक...

*(दुई पेजमा)*

श्रीमननारायण



अभिनेत्री सुरक्षा पन्तले करिअरको सुरुवातदेखि फिल्म असफलताको दबाब अलि बढी नै सामना गर्दै आइरहेकी छन्। १० वर्ष लामो करिअरमा उनका हिटभन्दा फ्लप फिल्मको संख्या धेरै छ। उनको अभिनयले भने निरन्तर प्रशंसा बटुल्दै आएको छ। यही कारण, व्यावसायिक सफलता कम भए पनि उनी निर्माता ( निर्देशकको रोजाइमा परिरहेकी छन्। सुरक्षाका फिल्मको असफलताको श्रृंखला यस वर्ष पनि टुटेको छैन।

❒ वर्ष ३१ अंक ११० ❒ २०८२ मंसिर १ गते सोमबार 17 November 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### कम्बोडियामा बर्ड फ्लूबाट युवकको मृत्यु

(रासस/सिन्ह्वा)

**पेन्ह,** कात्तिक ३०/क्याम्बोडियामा २२ वर्षीय एक युवक 'एच ५ एन फ्लुबाट मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । 'एच ५एन १' भनेको बर्ड फ्लूको एक प्रकारको इन्फ्लुएन्जा भाइरस हो । यसले उच्च मृत्यु दर देखाउने हुँदा स्वास्थ्यका दृष्टिले जोखिमपूर्ण मानिन्छ । एच५एन१ बाट सङ्क्रमित मानिसमा सामान्यतया ज्वरो, खोकी, घाँटी दुखाइ र श्वासप्रश्वासमा समस्या देखा पर्न सक्छ । यो भाइरस प्रायः सङ्क्रमित चराको सँगको प्रत्यक्ष सम्पर्क र त्यसको उत्सर्जन (मल, लार र ढिक्री) मार्फत फैलिन्छ । मानवबाट मानवमा सङ्क्रमण दुर्लभ भए पनि, यदि भाइरसमा उत्परिवर्तन हुन्छ भने महामारीको खतरा बढ्न सक्छ । स्वास्थ्य मन्त्रालयका अनुसार, राष्ट्रिय सार्वजनिक स्वास्थ्य संस्थानको प्रयोगशालामा गरिएको परीक्षणमा १५ नोभेम्बर सन् २०२५ मा युवक एच ५एन १ भाइरसको सङ्क्रमणमा रहेको पुष्टि भएको थियो । मृतक युवक राजधानी फ्नोम पेन्हको क्रोय चाङ्भर जिल्ला अन्तर्गत केन ख्लेङ गाउँमा बस्दै आएका थिए ।

## तानसेन सहकारीले मनायो साधारणसभा

# 'राम्रो काम गर्ने सहकारीहरु पनि छन्, तिनको प्रचार हुन सकेन'

कृष्ण पोखरेल

**पाल्पा,** कार्तिक ३०/लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले राम्रो काम गर्ने सहकारीहरु पनि भएको बताएका छन् । पछिल्लो समय केही गलत सहकारीका कारण समस्या आएकोप्रति लक्षित गर्दै राम्रो काम गर्ने सहकारीहरु पनि भएको तर प्रचार हुन नसकेको बताए । तानसेन बचत तथा ऋण सहकारी संस्थाको १७ औं वार्षिक साधारणसभाको तानसेनमा उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री सारुले मुलुकको अर्थतन्त्रमा सहकारीहरुको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै सबै सहकारीहरु गलत नभएको बताए । उनले भने "देशका ९५ प्रतिशत सहकारीले राम्रो काम गरेका छन्, ५ प्रतिशत खराब सहकारीका कारण ९५ प्रतिशत सहकारीले गरेको राम्रो कामको पनि प्रचार हुन सकेको छैन् ।" देशको अर्थतन्त्र सुधार गर्न राज्यले ल्याएको ३ खम्वे अर्थनिती अन्तर्गत सरकारी, सहकारी र निजी क्षेत्रको सहकार्य बलियो हुनुपर्नेमा मन्त्री सारुले जोड दिए । अहिले देशमा धेरै नकारात्मक टिका टिप्पणी, विरोधको नाममा विरोध, कसैको उन्नती प्रगतिमा रिस डाह गर्ने अराजक शैली बढेकाले, भएका राम्रा, सकारात्मक कामहरु समेत ओफेलमा परेकोमा उनले चिन्ता व्यक्त गरे । उनले भने "अहिले समाजमा हार्दिकता, सद्भाव, माया ममता खलबलिएको छ, यो स्थिती मौलाउदै गएमा नागरिकहरुको व्यक्तिगत सम्पत्तिको पनि राज्यले सुरक्षा प्रदान गर्न नसक्ने अवस्था आई नेपालीहरुविच नै गृहयुद्धको अवस्था आउन सक्ने भएकाले सबैले कानुनको परिपालन गर्न र गराउन सहयोग गर्नुपर्ने देखिन्छ ।" कार्यक्रममा बचत तथा ऋण सहकारी संस्थाका जिल्ला अध्यक्ष जगदिश भट्टराई, शेयर सदस्य हिमा पोखरेल, विष्ण प्रसाद खनाल लगायतले सहकारीले गरेका कामहरुको बारेमा चर्चा गरेका थिए । २०६५ सालमा स्थापना भएको सहकारीमा १ हजार १ सय २४ जना शेयर सदस्यहरुले कारोवार गर्दै आएका छन् । शेयर सदस्यहरुको १० हजारका दरले समान पुँजी लगानी भएकाले सबैको काम कर्तव्य, अधिकार र जिम्मेवारी बराबर रहेको छ । संस्थाको शेयर पुँजी १ करोड १२ लाख ४० हजार रहेको छ । सहकारीको बचत रकम १२ करोड ७५ लाख रुपैया, ऋण लगानी १३ करोड ६९ लाख, कुल पुँजी १५ करोड ५६ लाख, कुल आम्दानी १ करोड ४८ लाख ९४ हजार, शुद्ध नाफा १५ लाख ३३ हजार, जगेडा कोष ५१ लाख ४५ हजार, अन्य कोष १ करोड ८ लाख, सहकारी विकास बैंकमा शेयर लगानी ३ लाख २१ हजार रहेको सहकारीले साधारणसभामा जानकारी गराएको छ । सस्थाले गत बर्षको आम्दानीबाट प्रत्येक शेयरधनीलाई यातायात बापत ५ सय, विमाबापत १ हजार र सञ्चार खर्च बापत १ हजार गरी जम्मा २ हजार ५ सय वितरण गरेको छ । संस्थामा रहेका शेयर सदस्यहरुमध्ये कसैको मृत्यु भएमा शेयर रकम बराबरको रकम १० हजार परिवारलाई हस्तान्तरण गर्दै आएको छ । सभामा सबैभन्दा बढी बचत गर्ने शारदा लक्ष्मी कार्की, उत्कृष्ट ऋणी ध्रुर्वराज घिमिरे, सबैभन्दा बढी सदस्य बनाउने शेयर सदस्य भोजराज पोखरेललाई सम्मान गरिएको छ । यसैगरी सहकारीले एसइई २०८१ मा उत्कृष्ट नतिजा ल्याउने शेयर सदस्य डोलराज भट्टराईका छोरा शुलभ भट्टराई, चन्द्र प्रसाद भुसालीकी छोरी शान्ती भुसाल, कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने शेयर सदस्य देवी भट्टराईका छोरा दर्शन भट्टराई, शंकर बस्यालका छोरा शैलज बस्याल र विष्णु सिग्देलकी छोरी आयुसा सिग्देललाई सम्मान गरेको छ । कार्यक्रममा सहकारीका अध्यक्ष रामजी पोखरेलले प्रस्तुत गरेको बार्षिक प्रतिवेदन, कोषाध्यक्ष दिपक विश्वकर्माले पेश गरेको आर्थिक प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिका सदस्य जिवनाथ गैरैले प्रस्तुत गरेको लेखा प्रतिवेदन पारित गरी आगामी बर्षको निती तथा कार्यक्रम पेश गरिएको थियो । संस्थाका अध्यक्ष भोजराज पोखरेल रामजीको अध्यक्षता, उपाध्यक्ष शान्ती बस्याल पाण्डेयको स्वागत, सचिव धनिश्वर बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।



## चिसो मौसममा सुरक्षित रहौं।

चिसो मौसममा:

-तातो तथा न्यानो कपडा लगाऔं,

-तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,

-घर तथा कोठा न्यानो बनाऔं,

-बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,

-न्यानो सिरक ओढेर सुत्ने गरौं,

-जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,

-चिसोमा हिँडडुल (मर्निङ्ग वाक) नगरौं,


-कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

सावधानी अपनाऔं, स्वस्थ रहौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## लुम्बिनी प्रदेशमा कृषि भूमि घट्यो



**काठमाडौं,** कात्तिक ३०/लुम्बिनी प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल घटेको पाइएको छ । नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययनअनुसार आर्थिक वर्ष २०८१/८२ मा गत वर्षको तुलनामा खाद्य तथा बालीले ढाकेको क्षेत्रफल एक दशमलव ४२ प्रतिशतले घटेर सात लाख ६८ हजार ९६८ हेक्टर कायम भएको छ ।

समीक्षा वर्षमा यस प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन गत वर्षको तुलनामा तीन दशमलव ४३ प्रतिशतले वृद्धि भई ३३ लाख ८० हजार ३२७ मेट्रिक टन भएको छ । समीक्षा वर्षमा दूध, मासु, अण्डा र माछाको उत्पादन गत वर्षको तुलनामा क्रमशः दुई दशमलव ८८ प्रतिशत, तीन दशमलव शून्य तीन प्रतिशत, तीन दशमलव ११ प्रतिशत र १३ दशमलव ९८ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको तुलनामा दुई दशमलव ३४ प्रतिशतले वृद्धि भएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## विद्यार्थी बाहिरिने परिस्थिति रोकौं

तुलनात्मकरूपमा महँगा निजी कलेजदेखि सस्तो मानिने सरकारी क्याम्पस र विश्वविद्यायमा समेत विद्यार्थी भर्ना दर घटेको छ । त्रिभुवन विश्वविद्यालयमा विद्यार्थी कम भएका र कुनै–कुनै संकायमा विद्यार्थी शून्य नै भएको कारण विभिन्न संकायहरू आपसमा गाभ्नुपरेको स्थिति छ भने अन्य निजी विश्वविद्यालयहरूको हालत पनि करिब–करिब उस्तै नै छ ।

शिक्षा र रोजगारीका लागि ठूलो संख्यामा नेपाली विद्यार्थी विदेश गइरहँदा कलेजहरुमा विद्यार्थी संख्या न्यून हुन पुगेको छ । तर किन गइरहेका छन् ? भन्ने कुरामा थोरैले मात्रै चासो लिने गरेका छन् । स्वदेशमै शिक्षाको पर्याप्त अवसर हुँदाहुँदै किन विद्यार्थीहरू प्लस टु सकिनासाथ विदेश जान लालायित भइरहेका छन् ? रोजगारीका लागि किन दिनको हजारभन्दा बढी संख्यामा नेपाली कामदार विदेश गइरहेका छन् ? यस्तो विषम परिस्थिति कसरी सिर्जना भयो ? यी गम्भीर विषयमा चियागफ र सभागोष्ठीहरूमा चर्चा र चिन्ता जाहेर हुने गरे पनि सरोकारवाला निकायहरुले भने चासो र चिन्ता लिएको देखिदैन । यो अत्यन्त चिन्ताको विषय हो ।

्नेपालमा लाखौँ खर्च गरेर पढाइ गरे पनि रोजगारीको अवसर नहुँदा विद्यार्थी विदेसिनु परेको अवस्थाप्रति सरकार गम्भीर बन्नै पर्छ । अष्ट्रलिया, युरोप र अमेरिका पुग्ने विद्यार्थीहरुले अध्ययन मात्र होईन भविष्य समेत उतै खोज्दा देशका होनहार युवाहरु पलायन भएका छन् । विदेशमा शिक्षा प्राप्त पछि स्वदेश फर्किने र देशको विकासका लागि काम गर्ने नेपालीको सख्या नगन्य मात्रा छ । यसैले विद्यार्थीको नाममा विदेसिने नेपालीलाई रोक्न आवश्यक छ । समग्रमा राष्ट्रिय योजनाको खाका राम्रो नभएकाले विद्यार्थी देश छाडिरहेछन् । शिक्षा नीति मात्र होइन,देशको समग्र नीतिमा पुनःसंरचना नगरी विद्यार्थी देशमा रोकिनेवाला छैनन् । राज्यले युवा जनशक्ति टिकाउन समग्र प्रणालीमा परिवर्तन गर्न ढिलो भइसकेको छ । तसर्थ अब छिटो भन्दा छिटो शिक्षा प्रणालीमा सुधार गरी स्वदेशमै रोजगारीका अवसर सिर्जना गरी विदेश जानबाट विद्यार्थी रोक्न जरुरी छ ।

### Opinion @ Social Network

मुस्कान सबैभन्दा सुन्दर गहना हो
जसले मन पनि सजाउँछ
जीवनलाई सजिलो पनि बनाउँछ ।
(आरती वि.कको फेसबुक स्टाटसबाट www.facebook.com/Arati.B.K)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिक अस्थिरताले संघीयता बदनाम



**श्रीमननारायण**

*लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता जितेन्द्रकुमार सोनल मधेस प्रदेशका मुख्यमन्त्रीको रूपमा शपथ लिएको एक महिना बित्न नपाउँदै आफ्नो पदबाट राजीनामा गर्न बाध्य भए । उनलाई राजीनामा दिन बाध्य पार्नेहरू सत्ताधारी गठबन्धनकै दुई प्रमुख राजनीतिक दल नेकपा माओवादी केन्द्र र जनमत पार्टीको मुख्य भूमिका रह्यो । जनमत पार्टीका दुई र नेकपा माओवादी केन्द्रका दुईजना प्रदेश सांसदले मुख्यमन्त्री सोनलद्वारा प्रस्तुत विश्वास मतको प्रस्तावमा समर्थन गर्न नसकिने ठूलो अडान लिएपछि र जनमत पार्टीका दुईजना सांसदले विश्वास मतका लागि बोलाइएको संसद्को बैठकमा आफ्नो भौतिक उपस्थिति नदेखाएपछि मुख्यमन्त्री सोनलले सदनको सामना नै नगरी मधेस प्रदेशका सांसद र प्रदेश प्रमुखलाई आफ्नो राजीनामा दिए । पछि गठबन्धनको पक्षमा ७८ जना सभासदले समर्थन जनाए तर तबसम्म ढिलो भइसकेको थियो ।*

मधेस प्रदेशका प्रदेश प्रमुख सावित्री सुवेदी भण्डारीको एउटा विवादास्पद निर्णयले देशको एउटा प्रमुख राजनीतिक दल नेकपा एमालेको संघीयता प्रतिको अनास्थालाई पुष्टि गरेको छ । मधेस प्रदेशका ७८ जना सांसदहरूले बहालवाला मुख्यमन्त्री जितेन्द्रकुमार सोनललाई प्रदेश सभामा बहुमत सावित गर्न समय दिइनुपर्ने लिखित माग गर्दा पनि प्रदेश प्रमुखले २५ जना सभासदहरूको समर्थन रहेको नेकपा एमालेका प्रदेससभा संसदीय दलका नेतालाई मधेस प्रदेशको मुख्यमन्त्रीमा नियुक्त गर्नु र सम्भावित विरोधको डरले महोत्तरी र धनुषाको सिमानामा पर्ने होटल पानस कटेजमा मुख्यमन्त्री र मन्त्रीहरूलाई शपथ गराउनु संविधान र पदीय मर्यादाको पनि उल्लंघन हो । मुख्यमन्त्री र मन्त्रीको शपथ ग्रहण होटलमा हुनुभन्दा बढी दुर्भाग्य र विडम्बना अरू के नै हुन सक्दछ ? संघीयताको औचित्यबारे विभिन्न कोणबाट प्रश्न उठिरहेको अवस्थामा नेकपा एमाले पृष्ठभूमिकी प्रदेश प्रमुखको यस आलोचनात्मक निर्णयले चारैतिर निन्दा र घृणाको पात्र बनिरहेको एमाले थप ओलोचित हुनेछ । एमाले अध्यक्ष केपी शर्मा ओलीमाथि नेपाल ट्रष्टको जग्गा हिनामिना प्रकरणमा नाम आएकै बखत प्रदेश प्रमुखको यस निर्णयले एमालेलाई थप विवादमा ल्याउने निश्चित छ । तीस दिनभित्र मुख्यमन्त्रीले बहुमत सावित गर्न सकेनन् भने प्रदेशमा मध्यावधिको चुनाव हुने अवस्था आउँछ । यस्तोमा राजनीतिक अस्थिरताको कारण एमाले नै हुनेछ । बागमती प्रदेशको सिन्धुली सिमाना नजिक मधेस प्रदेशका मुख्यमन्त्रीको शपथ गराउनु प्रदेशको पनि अपमान हो । आठ वर्षको अवधिमा कर्णाली प्रदेशमा चारजना, सुदूर पश्चिममा पाँचजना, लुम्बिनीमा ६ जना, गण्डकीमा चारजना मुख्यमन्त्री बनेका छन् । अब त मधेस प्रदेशमा पनि पाँचौ मुख्यमन्त्रीको रूपमा एमालेका सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरिएको छ । सरदर एक–डेढ वर्षमा एकजना मुख्यमन्त्री नियुक्त हुने परम्परा र अवस्था रहिरूह्यो भने संघीयताप्रति वितृष्णा उत्पन्न हुनेछ नै । हुन त संघीय सरकारको आयु पनि सरदर एक–डेढ वर्ष नै हो तर संघीय सरकारको हकमा यो कुरा लागू हुँदैन, किनभने यो ठूलाबडाहरूको अधिकारको विषय हो । लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता जितेन्द्रकुमार सोनल मधेस प्रदेशका मुख्यमन्त्रीको रूपमा शपथ लिएको एक महिना बित्न नपाउँदै आफ्नो पदबाट राजीनामा गर्न बाध्य भए । उनलाई राजीनामा दिन बाध्य पार्नेहरू सत्ताधारी गठबन्धनकै दुई प्रमुख राजनीतिक दल नेकपा माओवादी केन्द्र र जनमत पार्टीको मुख्य भूमिका रह्यो । जनमत पार्टीका दुई र नेकपा माओवादी केन्द्रका दुईजना प्रदेश सांसदले मुख्यमन्त्री सोनलद्वारा प्रस्तुत विश्वास मतको प्रस्तावमा समर्थन गर्न नसकिने ठूलो अडान लिएपछि र जनमत पार्टीका दुईजना सांसदले विश्वास मतका लागि बोलाइएको संसद्को बैठकमा आफ्नो भौतिक उपस्थिति नदेखाएपछि मुख्यमन्त्री सोनलले सदनको सामना नै नगरी मधेस प्रदेशका सांसद र प्रदेश प्रमुखलाई आफ्नो राजीनामा दिए । उनको यस राजीनामाले गठबन्धन धर्मको अपमानमात्रै गरेको छैन कि अपितु: हत्तार–हत्तारमा गरिने अपवित्र राजनीतिक गठबन्धनको आयु र विश्वसनीयतामाथि प्रश्न चिह्न उठेको छ । पछि गठबन्धनको पक्षमा ७८ जना सभासदले समर्थन जनाए तर तबसम्म ढिलो भइसकेको थियो । संघीयता, मधेसी दलहरूको घोषित प्रमुख राजनीतिक एजेण्डा हो । अहिले देशमा संघीयताको विपक्षमा तीव्र गतिमा जनमत विकसित हुँदै गएको छ । संघीयतामा पनि स्थानीय तहको संरचनाप्रति कसैको गुनासो छैन, सर्वाधिक आक्रोश प्रादेशिक संरचनाप्रति देखिन्छ । यस्तोमा प्रादेशिक सरकारहरूले स्थायी सरकार दिन सकेनन् भन्ने जनतामा संघीयताप्रति विश्वास कसरी कायम हुनसक्छ ? हुन त नेपालको संविधान २०७२ को निर्माण भएको एक दशक बितिसकेको छ तर जननिर्वाचित प्रादेशिक सरकारहरू अस्तित्वमा आएको २०७४ माघ–फागुनदेखि नै हो । गएको यस आठ वर्षमा सबैभन्दा शिक्षित र जागरुक मतदाताहरूको बसोवास रहेको बागमती प्रदेसमा ६ जना मुख्यमन्त्री फेरिए डोरमणि पौडेल, अष्टलक्ष्मी शाक्य, राजेन्द्रप्रसाद पाण्डे, शालिकराम जमकट्टेल, बहादुरसिंह लामा र इन्द्रबहादुर बानियाँ गरी ६ जना मुख्यमन्त्री भए । राष्ट्रिय राजधानी काठमाडौं तथा काठमाडौं, ललितपुर, भक्तपुर, हेटौंडा र भरतपुर जस्ता महानगरपालिका र उपमहानगरपालिकाहरू रहेको प्रदेशमा प्रादेशिक सरकार औचित्यहीन देखिनु अस्वाभाविक होइन तर स्थानीय तहको मुख्य काम भनेको नगरको सरसफाइ हो । बागमती प्रदेशका खासै पिछडिएका जिल्लाहरू पनि छैनन् । रसुवा, दोलखा, रामेछाप र केही अर्थमा सिन्धुपाल्चोक छन् । यस क्षेत्रलाई काठमाडौंले पनि हेर्न सक्दछ । बागमती प्रदेशको त खासै औचित्य देखिएन । सिन्धुली, चितवन र मकवानपुरका दक्षिणी भू–भागलाई मधेस प्रदेशमा गाँसिदिँदा पनि हुन्छ । बागमती प्रदेशले अहिलेसम्म आफ्नो औचित्य साबित गर्न सकेन । तुलनात्मक रूपमा मधेस प्रदेशमा राजनीतिक स्थायित्व देखिएको छ । विसं २०७४ सालदेखि २०७९ सालसम्म जनता समाजवादी पार्टीका मोहम्मद लालबाबु राउत गद्धीले बडो सुझबुझ एवं समन्वयका साथ पाँच वर्षको आफ्नो कार्यकाल पूरा गरे । विसं २००७ सालदेखि लिएर आजसम्म नेपालका कुनै पनि प्रधानमन्त्रीले आफ्नो पाँच वर्षको कार्यकाललाई पूरा गरेको उदाहरूण छैन । मुख्यमन्त्रीहरूको हकमा पनि यो उदाहरूण लागू हुन्छ तर मधेस प्रदेशका पहिलो मुख्यमन्त्रीले आफ्नो पाँच वर्षको कार्यकाल अवश्य पनि पूरा गरे । यो बेग्लै कुरा हो कि उनले पनि तीन वर्षपछि नयाँ सहयोगीहरूको समर्थन लिनुपरेको थियो । विसं २०७४ सालको आमनिर्वाचनमा मधेसी दलहरू (जनता समाज पार्टी नेपाल तात्कालीन संघीय समाजवादी फोरम) र (लोकतान्त्रिक समाजवादी पार्टी, तात्कालीन राष्ट्रिय जनता पार्टी)ले मिलेर चुनाव लडेका थिए । मधेस प्रदेशमा सरकार गठन लायक बहुमत पनि ल्याएका थिए तर उपरोक्त दुई दलबीच समन्वय कायम नभएपछि राजपा सरकारबाट बाहिरिएको थियो र ठूला दलहरूको समर्थन लिनु मुख्यमन्त्री लालबाबु राउतलाई आवश्यक भएको थियो । विसं २०७९ सालमा भएको आमनिर्वाचनमा मिश्रित जनादेश आएपछि स्वभाविक रूपमै मधेस प्रदेशमा पनि मिलिजुली सरकार अस्तित्वमा आउनु स्वाभाविकै थियो । गएको तीन वर्षमा मधेस प्रदेशमा सरोजकुमार यादव (जसपा नेपाल), सतिसकुमार सिंह ( जनमत पार्टी) र जितेन्द्रकुमार सोनल (लोसपा) मुख्यमन्त्री भए । चौथो मुख्यमन्त्रीको रूपमा जितेन्द्र सोनल अथवा नयाँ अनुहारले शपथ ग्रहण गर्नेछन् । जनमत पार्टीको असहयोग अथवा विरोधका कारण जसपा नेपालका नेता सरोजकुमार यादव नेतृत्वको गठबन्धन सरकारको पतन भएको थियो जबकि जनमत पार्टी पनि त्यस सरकारमा सहभागी थियो । जनमत पार्टीभित्रकै असन्तोष र विद्रोहका कारण जनमतका नेता सतिसकुमार सिंह नेतृत्वको सरकारको पतन भएको थियो र अहिले जनमत पार्टीकै दुईजना विधायक सतिसकुमार सिंह र त्रिभुवन साहको विरोधका कारण २५ दिनमै जितेन्द्र सोनल नेतृत्वको सरकारको पतन भएको छ । यस आठ वर्षको अवधिमा जसपा नेपाल जनमत र लोसपाका नेताहरू मुख्यमन्त्री अथवा प्रदेश सरकारको नेतृत्व लिन सफल भए तर यसबाट जनताको जीवनमा भने परिवर्तन भएन । पहिलो मुख्यमन्त्री लालबाबु राउत गद्धीमाथि 'बेटी बचाउ–बेटी पढाऔं' कार्यक्रमअन्तर्गत वितरण गरिएका साइकलको खरिदमा ठूलो भ्रष्टाचार अथवा अनियमतता भएको कुराको छानबिन अख्तियारले गरिरहेको छ । मधेस प्रदेशका अधिकांश मन्त्रीहरूमाथि भ्रष्टाचारको आरोप लागेको छ र अख्तियारले छानबिन गरिरहेको छ । मधेस प्रदेशका मन्त्री र सांसदहरूले विनाकमिसन काम गर्दैनन् भन्ने आरोप–पत्यारोप पूरै देशलाई थाहा छ । संघीयता सफल बनाउनमा मधेसी दल बढी संवेदनशील हुनुपर्छ ।

*–इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यस्थलमा अधिकारीहरूसँग सामन्जस्य बढ्नेछ।अध्ययनमा सफलता मिल्नेछ। | **तुला** : रचनात्मक कार्यमा समय व्यतीत हुनेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। |
| **वृष** : कानुनी पक्ष सबल रहनेछ। कार्यक्षेत्रमा विवादित स्थितिलाई सुधार्न सक्नुहुनेछ। | **बृश्चिक** :घुमफिरमा समय व्यतीत हुनेछ। शत्रुहरू सक्रिय रहनेछन् सावधान रहनुहोस्। |
| **मिथुन** : आर्थिक स्थितिमा सुधार आउनेछ। कार्यक्षेत्रमा गतिविधिमा नियन्त्रण राख्नुहोस्। | **धनु** :समय अनुकूल रहेको छ। पहिला निर्धारित गरेको कार्यक्रममा बदलाव गर्नुपर्ला। |
| **कर्कट** : यात्रा लाभदायी रहनेछ। समारोहमा सहभागी हुने अवसर मिल्नेछ। | **मकर**: शिक्षामा नयाँ अवसर मिल्नेछ। आकस्मिक धनलाभका योग छन्। |
| **सिंह**: व्यापारिक योजनाहरू गुप्त राख्ने प्रयास गर्नुहोस्। राजनीतिमा प्रभाव बढ्नेछ। | **कुम्भ** : वैदेशिक यात्रा सफल रहनेछ। अरुलाई सल्लाह दिनबाट बच्नुहोस्। |
| **कन्या** : व्यापारिक योजनाहरू गुप्त राख्ने प्रयास गर्नुहोस्। राजनीतिमा प्रभाव बढ्नेछ। | **मिन** : कार्यक्षेत्रमा विवाद गर्नुभन्दा विनम्रताले काम लिनुहोस्। आयस्रोत बढ्नेछ। |

शिक्षा

# मुस्ताङका शैक्षिक संस्था जाडो छल्न बेँसीमा



मुस्ताङ उत्तरी चीनसँग सिमाना जोडिएका माथिल्लो मुस्ताङका शैक्षिक संस्था जाडो छल्न बेँसीमा स्थान्तरण गरिएको छ । भारी हिमापातको जोखिम र अत्यधिक चिसोका हुने भएकाले माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाअन्तर्गत सामुदायिक तथा धार्मिक गुम्बा विद्यालयहरूलाई बेँसीमा स्थानान्तरण गरिएको हो । माथिल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा तीन सरकारी सामुदायिक र चार वटा धार्मिक गुम्बा विद्यालय सञ्चालनमा छन् । गाउँपालिकाका सामुदायिक र गुम्बा विद्यालय सबै जाडो छल्न बेँसीमा स्थानान्तरण गरिसकिएको लोमान्थाङ गाउँपालिकाका प्रशासन प्रमुख विकास केशीले जानकारी दिए । लोमान्थाङ गाउँपालिकाको छोन्हुप भिन्जु आधारभूत विद्यालय जाडो छल्न दशैँअगावै बेँसी झरेको र राष्ट्रिय आधारभूत लोमान्थाङ र दिव्यदीप माध्यमिक विद्यालय छोसेर तिहारलगत्तै जाडो छल्न बेँसी झरेको प्रशासन प्रमुख केशीको भनाइ छ । लोमान्थाङको छोन्हुप भिन्जु आधारभूतमा ५० जना, राष्ट्रिय आधारभूतमा २० जना र दिव्यदीप माध्यमिक विद्यालयका ६२ जना विद्यार्थीलाई घुम्ती कक्षा चलाउन बेँसीका विभिन्न स्थानमा स्थानान्तरण गरिएको प्रशासन प्रमुख केसीको भनाइ छ । लोमान्थाङको दिव्यदीप माध्यमिक विद्यालयलाई पोखरास्थित विजयपुरमा रहेको निजी विद्यालय भवनमा स्थानान्तरण गरिएको छ । छोन्हुप भिन्जु आधारभूतको पनि पोखरा हेम्जामा रहेको आफ्नै निजी भवनमा घुम्ती कक्षा चलाउन झारिएको हो । यसैगरी लोमान्थाङको राष्ट्रिय आधारूभुतका २० जना विद्यार्थीलाई पोखरा लेखनाथस्थित तालचोक किमबेँसीमा भाडाको भवनमा स्थानान्तरण गरिएको प्रशासन प्रमुख केशीले बताए । यसैगरी लोमान्थाङ गाउँपालिकाअन्तर्गतका मञ्जुश्री, निफुक नाम्डोल, पाल एण्ड नाम्ग्याल र महाकरुणा धार्मिक गुम्बा विद्यालय पनि आफ्नै खर्चमा घुम्ती कक्षा चलाउन पोखराका विभिन्न स्थानमा रहेको प्रशासन प्रमुख केशीको भनाइ छ । हिउँदयामको जाडो मौसममा साविक स्थानमा शैक्षिक पठनरपाठनलाई निरन्तरता दिन कठिनाइ हुने भएकाले माथिल्लो मुस्ताङका विद्यालयलाई घुम्ती कक्षा चलाउन बर्सेनि यसप्रकारको परम्परा रहँदै आइरहेको छ । सैँय सरकारले घुम्ती विद्यालय सञ्चालन तथा व्यवस्थापन शीर्षकमा लोमान्थाङका तीन सामुदायिक विद्यालयलाई बर्सेनि शसर्त अनुदानस्वरूप प्रतिविद्यालय तीन लाख ५० हजार उपलब्ध गराउने गरेको छ । यसका अतिरिक्त साविक स्थानमा रहेको सञ्चालन गर्दा उपलब्ध हुने सैँय सशर्तबापतको हिमाली आवासीय छात्रावास अनुदान कार्यक्रमअन्तर्गत कक्षा ४ देखि माथिका विद्यार्थीलाई जनही पाँच हजार उपलब्ध हुने सुविधा रहेको प्रशासन प्रमुख केशीले बताए । लोमान्थाङको राष्ट्रिय आधारभूत, भिन्जु आधारभूत र दिव्य दीप माध्यमिक विद्यालयका तल्ला कक्षाहरूलाई गाउँपालिकाले प्रतिविद्यार्थी मासिक चार हजार अनुदान दिने गरेको उनको भनाइ छ । माथिल्लो मुस्ताङको लोमान्थाङजस्तै लोघेकर दामोदरकुण्ड गाउँपालिकाअन्तर्गत तीन सामुदायिक र दुई गुम्बा विद्यालय जाडो छल्न कात्तिक १० गते बेँसीमा झरेको त्यहाँका शिक्षा शाखा अधिकृत प्रचण्ड न्यौपानेले जानकारी दिए । अधिकृत न्यौपानेका अनुसार लोघेकर दामोदरकुण्डको चराङ आधारभूत चराङका १६ जना, घमी आधारभुत घमीका ५६ जना र जनज्योति आधारभूत घिलिङका ८४ जना विद्यालयलाई शिक्षण सिकाइमा निरन्तरता दिनका लागि पोखराका विभिन्न स्थानमा झारिएको हो । चराङ आधारभूतको पोखरा हेम्जामा, घमी आधारभूतको पोखरा विजयपुरमा र जनज्योति आधारभूतको तनहुको शुक्लागण्डकी दुलेगौँडामा स्थानान्तरण गरिएको जनाइएको छ । यहाँको चराङ र जनज्योति आधारभूत विद्यालयलाई घुम्ती विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यक्रम शीषर्कमा प्रतिविद्यालय तीन लाख ५० हजार प्राप्त हुने शिक्षा शाखा अधिकृत न्यौपानेले बताए । यसैगरी सैँय सरकारले दिने अनुदान हिउँदको चार महिना बेँसीमा घुम्ती कक्षा चलाउन बजेट अभाव हुने भएकाले सामुदायिक विद्यालयका लागि एकमुष्ट २५ लाख रूपैया बजेट गाउँपालिकाले विनियोजन गरेको अधिकृत न्यौपानेको भनाइ छ । यसैगरी लोघेकरमा तीन सामुदायिकसँगै चराङका दुई गुम्बा विद्यालय पनि जाडो छल्न बेँसी झरिसकेको अधिकृत न्यौपानेले उल्लेख गरे । यहाँको वारागुङ मुक्तिक्षेत्रको छुसाङस्थित जननर्मल माध्यमिक विद्यालय गत वर्षसम्म जाडो छल्न बेँसी झर्ने गरेकोमा चालु शैक्षिक सत्रमा घुम्ती कक्षाका लागि बेँसी नझर्ने निर्णय भएको त्यहाँका शिक्षा शाखा अधिकृत रेखा पन्तले जानकारी दिए । तर, यहाँको कागबेनीस्थित कागछोदे गुम्बा विद्यालय भने घुम्ती कक्षा चलाउन बेँसीमा स्थानान्तरण भएको अधिकृत पन्तको भनाइ छ । वार्षिक परीक्षामा एक रूपता ल्याउन घम्ती कक्षाले असहज हुने, लगातार हिउँदमा कक्षा चलाउँदा शिक्षकहरूले पाउनुपर्ने बिदा कटौती गर्न गारो हुने र सैँय सरकारले उपलब्ध गराउने अनुदान तीन लाख ५० हजारले घुम्ती खर्च धान्न नसक्ने अवस्था रहेकाले गाउँपालिकाबाटै घुम्ती कक्षा नचलाउने निर्णय भएको अधिकृत पन्तको भनाइ छ । माथिल्लो मुस्ताङका सरकारी तथा धार्मिक गुम्बा विद्यालयहरू घुम्ती कक्षाका रूपमा निरन्तर शैक्षिक पठनपाठन चलिरहने छ । साविक स्थानमा कक्षा सञ्चालन गर्दा विद्याथीहरूलाई चिसोका कारण रुघाखोकी र निमोनियाले बिरामी पर्ने हुन्छ भने हिउँदमा साविक स्थानमा कक्षा चलाउँदा हिमपातको जोखिम हुने हुन्छ । त्यसो त माथिल्लो मुस्ताङमा विद्यालयका अधिकांश अभिावकहरू जाडो छल्न र घुम्ती व्यापारमा बेँसी झर्ने परम्परा रहेकाले पनि माथिल्ला पालिकाहरूले आफ्ना विद्यालयलाई बेँसीमा झार्ने गरिएको हो । यसरी जाडो छल्न झरेका घुम्ती विद्यालयहरू चालु शैक्षिक सत्र सकेर नयाँ शैक्षिक सत्र साविककै स्थानमा सञ्चालन गर्न वैशाख महिनामा माथि उक्लिने गर्छन् । माथिल्लो दुई गाउँपालिकाका विद्यालय घुम्तीमा झरे पनि वारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका सामुदायिक र संस्थागत विद्यालय भने हिउँदको पुस र माघ महिना हिउँदे जाडो बिदा दिने गरिएको छ । यसरी हिउँदमा बिदा भएका विद्यालयहरू फागुनको पहिलो साता सञ्चालन हुने गर्छन् । यहाँका तल्ला तीन पालिकामा शिक्षकहरूलाई ४५ दिने हिउँदे बिदा र १५ दिन सट्टा बिदा गरी दुई महिना शैक्षिक क्रियाकलाप स्थगित गर्ने गरिएको छ । *-रासस*

# नेपाली विद्यार्थीले बिना धितो १ लाख डलरसम्मको शैक्षिक ऋण पाउने

MPOWER
FINANCING

नेपाली विद्यार्थीले विदेशमा पढ्न अब धितोको झन्झट झेल्न नपर्ने भएको छ । नेपालमै पहिलोपटक, एमपावर फाइनान्सिङ नामक अमेरिकी संस्थाले स्नातकोत्तर अर्थात् पोस्टग्राजुएट तहका विद्यार्थीका लागि बिना धितो र बिना जमानी अधिकतम अमेरिकी डलर १ लाख (झन्डै १ करोड ३० लाख रुपैयाँ) सम्मको शिक्षा ऋण सुविधा ल्याएको छ । कुनै पनि सम्पत्ति धितो राख्नुपर्ने वा कोसाइनर (ग्यारेन्टर) खोज्नुपर्ने झन्झटबिनै अन्तर्राष्ट्रिय शिक्षा ऋण पाउन सक्ने भएका छन् । पछिल्ला वर्षहरूमा अमेरिकामा अध्ययन गर्न जाने नेपाली विद्यार्थीको संख्या बढ्दो क्रममा छ । हाल ३२ हजारभन्दा बढी नेपाली विद्यार्थी अमेरिकी विश्वविद्यालयहरूमा अध्ययनरत छन् । यो संख्या एकै वर्ष ४२ प्रतिशतले वृद्धि भएपछिको हो । यति हुँदा हुँदै अझै पनि धेरै परिवारका लागि विदेशमा पढाइको खर्च जुटाउनु सबैभन्दा चुनौतीपूर्ण छ । नेपालका परम्परागत बैंक तथा वित्तीय संस्थाले प्राय: जग्गा-जमिन धितो राख्नुपर्ने वा अमेरिकामा जमानी खोज्नुपर्ने सर्त राख्ने गर्छन्, जसले धेरै योग्य विद्यार्थीलाई ऋण लिन कठिन बनाउँछ । यही समस्यालाई समाधान गर्न वाशिङ्टन डी.सी.स्थित एमपावर फाइनान्सिङ अघि सरेको हो । मपावर फाइनान्सिङको मूल्याङ्कन प्रणाली परम्परागत भन्दा फरक छ । यसले विद्यार्थीको पैतृक र पारिवारिक सम्पत्तिमाथि होइन, उनको विश्वविद्यालय प्रवेश, अध्ययन क्षेत्र र भविष्यको आम्दानी क्षमतालाई ध्यानमा राखेर शैक्षिक ऋण प्रदान गर्छ । यही कारणले गर्दा एमपावर फाइनान्सिङले बंगलादेश, पाकिस्तान र अफ्रिकाका २० हजारभन्दा बढी विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराइसकेको छ । अब यो सुविधा नेपाली विद्यार्थीका लागि पनि खुला भएको संस्थाले प्रेस विज्ञप्तिमार्फत् जनाएको छ । संस्थाका अनुसार विद्यार्थीहरूले दुई हजार एक अमेरिकी डलरदेखि एक लाख डलरसम्मको ऋणका लागि आवेदन दिन सक्छन् । जसमा ट्युसन शुल्क मात्र होइन, बसोबास तथा अन्य खर्चहरू पनि समेटिन्छ । आवेदन प्रक्रिया पूर्ण रूपमा डिजिटल रहेको साथै स्थिर ब्याजदर र पारदर्शी भुक्तानी योजना रहेकाले विद्यार्थी र अभिभावकलाई खर्च व्यवस्थापनमा स्पष्टता र सहजता प्रदान गर्ने संस्थाको विश्वास छ । *-रातोपाटी डटकम*

# गणित सिक्ने विधि रूपान्तरण गर्दै इम्बार्क अनम्याथ

EMBARK
UN
MATH
PRIVATE LIMITED

गणित विषयलाई अझै पनि परम्परागत रूपमा नै पढाउने गरिएको छ । गणित प्रायजसो कण्ठ गराउँदै र विभिन्न फर्मुलामा केन्द्रित भई पढाउने गरिन्छ । त्यसले विद्यार्थीहरूमा गणितप्रति इच्छा जाग्नुभन्दा डर उत्पन्न गरिरहेको छ । त्यसैले विद्यार्थीलाई वास्तविक जीवनमा गणितको प्रयोगलाई प्रोत्साहित गर्न इम्बार्क अनम्याथले फरक तरिका ल्याएको छ । इम्बार्कका अनुसार गणितलाई संगीत, कला, वास्तुकला र खेलकुदसँग जोड्दै गणितलाई केवल एउटा विषयमात्र नभई दैनिक जीवनको अभिन्न हिस्सा बनाउने लक्ष्य लिएको छ । प्रकृतिदेखि हाम्रा हरेक वित्तीय निर्णयका पछाडि गणितको तर्क जोडिएको हुन्छ तर परम्परागत शिक्षण प्रक्रियाले उक्त कुराहरू जोड्न सकिरहेको छैन । इम्बार्क अनम्याथले भने उक्त समस्यालाई औंल्याउँदै विद्यार्थीलाई व्यावहारिक ज्ञान सिकाउँछ, जसले उनीहरूलाई गणितले कसरी हाम्रो संसारलाई आकार दिन्छ भन्ने बुझ्नमा मद्दत पुऱ्याउँछ । परम्परागत शैक्षिक प्रणालीमा हाबी रहेको नेपालमा इम्बार्क अनम्याथको नयाँ तरिकाले राम्रो प्रतिक्रिया प्राप्त गरेको छ । यस्तो कार्यक्रम अपनाएका स्कुलहरूले गणितमा विद्यार्थीको संलग्नता बढ्नुका साथै उनीहरूको आत्मविश्वासमा सुधार भएको बताएका छन् । अप्ठ्यारा फर्मुलाको सट्टा वास्तविक जीवनमा लागू हुने प्रयोगहरूमा ध्यान केन्द्रित गरेर विद्यार्थीलाई गणितको डर हटाउन र समस्या समाधान गर्ने सीपहरू सिकाउन इम्बार्क अनम्याथले मद्दत गर्ने बताइएको छ । इम्बार्क अनम्याथले कण्ठ गर्ने वा सधैं सही उत्तर नै निकाल्नुपर्छ भन्ने मान्यताले उत्पन्न गर्ने गणित विषयको मानसिक तनावसँग पनि लड्न मद्दत गर्छ । इम्बार्क अनम्याथका माध्यमले कठिन अभ्यासको सट्टामा अन्तरक्रियात्मक र वास्तविक संसारका अध्ययन अनुभवलाई प्रोत्साहन गरेर विद्यार्थीहरू गणितको डरलाई जिज्ञासामा परिवर्तन गर्न सक्षम हुनेछन् । संस्थाले सरकार र शैक्षिक बोर्डहरूसँग सहकार्य गरी गणितको फरक अध्ययन माध्यमलाई मुख्य पाठ्यक्रममा समावेश गर्ने लक्ष्य राखेको छ । *-हिमालय टाइम्स डटकम*

# भैलोबाट संकलित रकम सामाजिक सेवामा




**गुल्मी,** कार्तिक ३०/तिहारमा समूह बनाएर खेलिने देउसी-भैलोबाट सङ्कलित रकमले पिकनिक, भ्रमण जाने वा कतिपयले रकम बाँडफाँट गर्ने चलन छ । तर गुल्मीको इस्मा गाउँपालिका -२ रातडाँडा देउसी-भैलो समूहले भने भैलोबाट संकलित रकम सामाजिक सेवामा खर्चेको छ ।

समूहले संकलित रकमबाट मृगौला पिडित इस्मा- २ ढाडा निवासी सन्तबहादुर तङ्नामीलाई आर्थिक सहयोग, समाजमा हुने कार्यक्रममा प्रयोगका लागि एक सेट साउण्ड सिस्टममा खर्चेको हो । मृगौला फेल भई जीवन र मृत्युसँग लडिरहेका तङ्नामीको जीवन रक्षार्थका लागि थोरै भए पनि सहयोग पुगोस् भनेर संकलित रकमको १५ प्रतिशत रकम सहयोग गरिएको समूहका संयोजक विचन्द्र रायमाझीले बताए । समूहले सो सहयोग रकम सन्तबहादुरको श्रीमति गंगा तङ्नामीको खातामा पठाइदिएको छ । तङ्नामीको हाल बुटवलमा उपचार भइरहेको छ । पछिल्लो समय मौलिक संस्कृति लोप हुँदै गएको र सामाजिक सेवामा समेत कमी हुँदै गएको बेला गाउँमा भएका साना-साना भाइबहिनीहरु जम्मा भई समूह बनाएर देउसी भैलोमार्फत संस्कृति संरक्षण र सामाजिक सेवामा लागिएको समूहका संयोजक रायमाझीले बताए । उनले भने "हामीले गरेको सहयोग मृगौला पिडित तङ्नामीको लागि सानो हो तर यसले अफ्ठ्यारोमा परेकाहरुलाई सहयोग गर्नुपर्छ भन्ने सन्देश समाजमा प्रवाह गर्नु महत्वपूर्ण हो ।" रायमाझीले तङ्नामीको उपचारका लागि ४०/५० लाख लाग्ने अस्पतालले भनेको र घरको कमजोर आर्थिक अवस्थाका कारण उपचारमा समस्या भइरहेको भन्दै सबैसँग थोरै भए पनि आर्थिक सहयोग गर्न आग्रह समेत गरेका छन् । उनका अनुसार देउसी- भलौंबाट संकलित रकम मध्ये उपचारमा सहयोग,केही साउण्डसिस्टम र बाँकी रहेको रकम वनभोजमा खर्चिएको हो । रायमाझीले आगामी दिनमा पनि समूहले यस्तै रचनात्मक कार्य गर्दै जाने बताए । उनले भने "अहिले गाउँमा युवाहरु छैनन्, तर हामी साना-साना भाइबहिनीहरु मिलेर सामाजिक कार्यमा अग्रसर हुँदै आएका छौं । यस्तो कार्यलाई निरन्तरता दिदै जाने छौं ।"

# निर्वाचन घोषणापछि ७ दल खारेज




**पाल्पा,** कार्तिक ३०/निर्वाचन आयोगमा चुनाव घोषणापछि ७ दल खारेज भएका छन् भने ७ दल दर्ता भएका छन् । आयोगले आइतबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार थप नयाँ ७ दल दर्ता भएकोमा यस अघिका ७ वटा दल घारेज भएका हुन् ।

एउटा अदालतबाट र ६ वटा सम्बन्धित दलका पदाधिकारीले दिएको निवेदनका आधारमा आयोगले खारेजीको निर्णय लिएको जनाएको छ । योसँगै आयोगमा हालसम्म १२२ वटा राजनीतिक दलहरू दर्ता भएका छन् । आयोगले फागुन २१ गते हुने निर्वाचन प्रयोजनका लागि दल दर्ताका लागि आह्वान गरेको थियो । सोही अनुसार आइतबार दल दर्ताका लागि अन्तिम दिन हो । निर्वाचन आयोगले १ सय २२ वटा राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएको र २८ वटा दर्ताको क्रममा रहेको जानकारी दिएको छ । दर्ताका क्रममा रहेका दलका हकमा कानुनबमोजम काजगपत्र माग्ने र सनाखत गर्ने प्रक्रिया अघि बढेको छ । कागजात लिएर आयोगमा पुग्नेलाई अध्ययन र सनाखत पछि प्रमाणपत्र दिनेगरी आयोगले काम गरिरहेको छ ।

## खेलकुद समाचार

# अमेरिकालाई हराउँदै नेपाल सेमिफाइनलमा



काठमाडौं, कार्तिक ३०/नेपाल दृष्टिविहिन महिला टी-ट्वान्टी विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ । आइतबार भएको खेलमा अमेरिकालाई हराउँदै विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको हो । नेपालले अमेरिका माथि १० विकेटको फराकिलो जित निकालेको छ । अमेरिकाले दिएको १८ रनको लक्ष्य नेपालले ४ बलमै कुनै पनि विकेट नगुमाइ पूरा गऱ्यो । नेपालका लागि दिलसरा धमलाले अविजित १२ रन बनाइन् । त्यसअघि, टस जितेर ब्याटिङको निम्तो पाएको अमेरिका ९.४ ओभरमा १७ रनमै समेटिएको थियो । अमेरिकाका कुनै पनि खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । नेपालका लागि दिलसरा धमलाले ३ र सुनिता घिमिरेले १ विकेट लिए । दृष्टिविहिन क्रिकेटमा यो हालसम्मको सबैभन्दा कम रन थियो । यसअघि सन् २००६ मा वेस्ट इन्डिजले पाकिस्तानविरुद्ध बनाएको २१ रन दुष्टिविहिन क्रिकेटमा सबैभन्दा कम योगफल थियो । तेस्रो जितसँगै नेपालले चार खेलबाट ६ अंक जोडेको छ । यसअघि नेपालले पहिलो खेलमा श्रीलंकालाई ९ विकेटले हराएको थियो र अस्ट्रेलियालाई ८ विकेटले पराजित गरेको नेपालले भारतसँग ८५ रनले पराजि भएको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**


## अर्थ/कर्पोरेट समाचार

# घट्यो नेप्से परिसूचक



**पाल्पा,** कात्तिक ३०/साताको पहिलो सेयर कारोबार दिन आइतबार नेप्से परिसूचक सामान्य अंकले घटेर बन्द भएको छ । नेप्से पाँच दशमलव १५ प्रतिशतले घटेर दुई हजार ५ सय ४० दशमलव ५७ को बिन्दुमा कायम भएको हो ।

सो अवधिमा विभिन्न कम्पनीका ३ सय ३७ कम्पनीको ७९ लाख ५७ हजार ५६ कित्ता शेयर ४७ हजार १ सय ७६ पटक खरिदबिक्री हुँदा तीन अर्ब ८९ करोड ३९ लाख ७५ हजार ७ सय ९३ बराबरको कारोबार भएको छ । कारोबारमा होटल तथा पर्यटन, उत्पादन तथा पर्यटन र अन्य समूहको बाहेक सबै समूहको उपसूचक घटेको छ । सागर डिस्टिलरी लिमिटेड, बुँगल हाइड्रो लिमिटेड र बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने भुगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । सागर डिस्टिलरी,बुंगल हाइड्रोपावर र बन्दिपुर केबलकार एण्ड टुरिजमको सेयर ९ दशमलव ९९ प्रतिशतले बढ्यो । भूगोल इनर्जी डेभलपमेन्टका लगानीकर्ताले भने यसदिन सर्वाधिक गुमाए । सो कम्पनीको सेयर १० प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा एसबिएल डेवेन्चर २०८९ शीर्ष स्थानमा रह्यो । सो कम्पनीको २८ करोड मूल्य बराबरको सेयर कारोबार भयो । नेपाल रिइन्स्योरेन्सले २१ करोडको कारोबार गर्दा माउन्टेन इनर्जी नेपालले २० करोड,एनआरएन इन्फ्रास्टक्चरले १८ करोड र युनियन हाइड्रोपावरले १६ करोड मूल्य बराबरको सेयर कारोबार गरे । कारोबारमा आएकामध्ये ७५ वटा स्टक्सको मूल्य बढ्दा १६८ वटाको घट्यो । १४ वटाको मूल्य भने स्थिर रह्यो । तीनवटा समूहबाहेक अन्यको उपसूचक नकारात्मक देखिएका छन् । होटल्स एण्ड टुरिजम, मनु एण्ड प्रो र अदर्श समूहको उपसूचकबाहेक अन्यको नकारात्मक देखिएका हुन् ।

# लुम्बिनी प्रदेशमा...

...केन्द्रीय बैंकका अनुसार कृषि क्षेत्रमा प्रवाहित कर्जा तीन दशमलव ४६ प्रतिशतले घटेको छ भने कुल प्रवाहित कृषि कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४३ दशमलव ८० प्रतिशत र रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम शून्य दशमलव ४० प्रतिशतमात्र रहेको छ ।

लुम्बिनी प्रदेशका उद्योगको औसत क्षमता उपयोग ५० दशमलव ६० प्रतिशत रहेको छ । नमूना छनोटमा परेका उद्योगमध्ये रोजिन उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ८८ दशमलव ६९ प्रतिशत र सबैभन्दा कम ड्राइ सिरप उत्पादन गर्ने उद्योगले आठ दशमलव ६४ प्रतिशत क्षमता उपयोग गरेका छन् । त्यस्तै, समीक्षा वर्षमा औद्योगिक उत्पादनतर्फ सबैभन्दा बढी सिन्थेटिक कपडाको उत्पादन एक सय ७० दशमलव ७७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जा ६ दशमलव ९३ प्रतिशतले वृद्धि भएको छ । औद्योगिक क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगहरूमा ४३ दशमलव ६३ प्रतिशत र सबैभन्दा कम विद्युत्, ग्यास तथा पानीसम्बन्धी उद्योगमा एक प्रतिशतमात्र रहेको छ । सेवा क्षेत्रअन्तर्गत नमूना छनोटमा परेका पर्यटकस्तरीय होटलमध्ये १० वटाबाट प्राप्त तथ्याङ्कबमोजिम होटल शैया संख्या ३४ दशमलव २० प्रतिशत, शैया बिक्री संख्या ४५ दशमलव ७४ प्रतिशत र पर्यटक आगमन संख्यामा ६१ दशमलव ७८ ले घटेको छ । यस्तै, घरजग्गा रजिष्ट्रेशन सङ्ख्यामा ४२ दशमलव ८२ प्रतिशतले वृद्धि भएको छ । घरजग्गा रजिष्ट्रेशनबापतको राजस्व रकम गत वर्षको तुलनामा पाँच दशमलव ४५ प्रतिशतले ह्रास भएको छ । केन्द्रीय बैंकका अनुसार २०८२ असार मसान्तसम्ममा सो प्रदेशका बैंक तथा वित्तीय संस्थाले गरेको निक्षेप परिचालन २०८१ असार मसान्तको तुलनामा १५ दशमलव ४३ प्रतिशत र कुल कर्जा प्रवाह दुई दशमलव ९२ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाको कुल पुँजी दुई दशमलव ४४ प्रतिशतले ह्रास भएको छ भने बचत परिचालन ६ दशमलव १६ प्रतिशतले वृद्धि भएको छ । उक्त संस्थाबाट गरिएको कर्जा प्रवाह दुई दशमलव ५० प्रतिशतले वृद्धि भएको छ । *-रासस*


# शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८२/०७/२१**

प्रस्तुत विषयमा यस श्री जनप्रिय प्रा.वि. माथागढी -४, झडेवा शान्तिनगर, पाल्पाको बाल विकास सहजकर्ताको पद रित्त रहेको हुनाले उक्त पद पूर्तिका लागि माथागढी गाउँपालिकाको च.नं. ४७४ को अनुमती पत्र र विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार भर्नाका लागि विज्ञापन खोल्ने निर्णय भएको हुनाले इच्छुक उम्मेदावरहरुबाट तपशिल बमोजिमको विवरण सहित दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं. :** ०१/२०८२/८३

**पद :** बा.बि.स, **पद संख्या :** १ (एक) जना

**शैक्षिक योग्यता :** १०+२ पास गरेको

**उमेर :** १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको

**दरखास्त दस्तुर :** रु ५००/-

**तलब स्केल :** नेपाल सरकारको प्रचलित नियम अनुसार

**दरखास्त दिने अन्तिम मिति :** २०८२/०८/०५ (१बजे सम्म)

**सम्पर्क मिति :** २०८२/०८/०७

**सम्पर्क नं:** ९८४७१७७६८८, ९८४७००१९५३

परिक्षाको किसिम : लिखित, मौखिक तथा प्रयोगात्मक

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र २/२ प्रति

*(नोटः उपलब्ध भएका तालिम अनुभव तथा अध्यापन अनुमति पत्रका प्रतिलिपि समावेश गर्नुहुन ।)*

**श्री जनप्रिय प्राथमिक विद्यालय**

माथागढी-४, शान्तिनगर, झडेवा, पाल्पा



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई